कमलबजार नगरपालिका, अछाम

# स्थानीय राजपत्र

खण्ड २) संख्या : १८ प्रकाशित मिति : २०७७/०४/०८


## भाग २

कमलबजार नगरपालिका, अछाम

स्वीकृत मिति : २०७७/०३/११

*नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम कमलबजार नगरपालिका अछामको नगर सभाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।*

### कमलबजार नगरपालिकाको हाम्री छोरी प्यारी छोरी कार्यक्रम संचालन सम्बन्धि कार्यविधि, २०७७

३. बालिकाको उमेर २० वर्ष नपुग्दै मृत्यु भएको खण्डमा मृत्यु दर्ताको प्रमाणपत्रको प्रतिलिपी,

४. नगरपालिकाको सिफारिस ।

## ६. बिबिध

६.१. बाधा अडकाउ फुकाउन सक्ने : यस कार्यविधिको कार्यान्वयनको क्रममा कुनै वाधा अड्काउ आएमा कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

६.२. कार्यविधिको संशोधन तथा परिमार्जन : कार्यपालिकाको बैठकले यस कार्यविधिमा आवश्यक सशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

६.३. अनुसूचिमा हेरफेर तथा थपघट : कार्यपालिकाले अनुसूचिमा आवश्यक हेर फेर तथा थपघट गर्न सक्नेछ ।

६.४. बाझिएमा : यो कार्यविधिमा उल्लेख भएका प्रावधान र प्रक्रियाहरु स्थानीय सरकार संचालन ऐन, २०७४ र अन्य प्रचलित कानून संग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

६.५. कारबाही : यस कार्यविधि विपरित कमलबजार नगरपालिका क्षेत्र बाहिर का बालिकाको नाममा रकम जम्मा गर्न गराउन वा त्यस्तो निर्णय वा आदेश दिन वा सिफारिस तथा सहयोग गर्न पाइने छैन ।

## अनुसूची(१)

नाम दर्ताका लागी पेश गरिने निवेदनको ढाँचा

कमलबजार नगरपालिका नगर कार्यपालिकाको कार्यालय ,
कमलबजार अछाम ।

विषय :- लगतमा नाम दर्ता गरी परिचयपत्र उपलब्ध गराई पाउँ ।

(१) नाम :
(२ ) बाबु/अविभावकको नाम र नागरिक्ता प्रमाण पत्र नं. :
(३) आमाको नाम र नागरिक्ता प्रमाण पत्र नं. :



# कमलबजार नगरपालिकाको हाम्री छोरी प्यारी छोरी कार्यक्रम संचालन सम्बन्धि कार्यविधि, २०७७

स्वीकृत मिति : २०७६/०३/११

## प्रस्तावना :

संविधानको मूल मर्मलाई आत्मसात गर्दै छोरीलाई उचित सम्मान र उज्जवल भविष्य निर्माणको बाटो तर्फ उन्मुख गराउन समाजमा प्रचलित सामाजिक, साँस्कृतिक र परम्परागत मान्यतामा आधारित वालविवाह प्रतिको सोच तथा व्यवहार परिवर्तनका साथै बालिकाको हक, हितको संरक्षण गरी उनीहरुको शारीरिक मानसिक र बौद्धिक बिकास गर्नका साथै बालविवाह जस्ता कार्यलाई निषेध गर्न बान्छनीय भएकोले, कमलबजार नगरपालिकाले हाम्री छोरी प्यारी छोरी कार्यक्रम संचालन सम्बन्धि कार्यविधि, २०७७ बनाएको छ । यो कार्यविधि कमलबजार नगरपालिका नगर सभाको बैठकबाट स्वीकृत भएको मिति बाट लागू हुनेछ ।

## १. उद्देश्यः

१. छोरा र छोरी प्रति गरिने असमान व्यवहारको अन्त्य गर्ने ।

२. बालबिबाह तथा जबरजस्ती हुने विवाह रोकथाम लगायत विभिन्न प्रकारका सामाजिक दुर्व्यवहार अन्त्य गर्ने ।

३. मुलुकी देवानी (संहिता) ऐन, २०७४ मा विवाह सम्बन्धम भएको कानूनी प्रावधानको पूर्ण रुपमा पालना गर्ने गराउने ।

४. आधारभूत अधिकारबाट बञ्चित नभई आफ्नो भविष्यको छनौट गर्ने अधिकार, निर्णय लिने प्रकृयामा सहभागी हुने अवसर प्रदान गर्ने ।

५. हिंसाको कुचक्रमा पर्ने अवस्था, वैवाहिक जिवन दिगो नहुने, परिपक्क नभई सन्तान जन्माउदा स्वास्थ्य सम्बन्धी समस्या, लैंगिक हिंसा, यौनजन्य हिंसा, बालश्रम, बेचबिखन जस्ता थप हिंसाहरुले वालिका र महिलाहरु प्रताडित हुन नसक्ने अवस्थाको सृजना गर्ने/ गराउने ।

२. रकम प्रदान गर्न सकिने :

१. आ.व. ०७७/०७८ को श्रावण १ गते देखी जन्मिएका बालिकाको हकमा मात्र यो कार्यविधि आर्कर्षित हुनेछ, ।

२. कमलबजार नगरपालिकाको स्थायी बासिन्दा भई सम्बन्धित वडाको सिफारिस भएको,

३. नगरपालिका भन्दा बाहिरको नागरिकता भएकाहरुको हकमा भने बसाई सराई दर्ता अनिवार्य भएको, ४. जन्मेको ३५ दिन भित्र कमलबजार नगरपालिकाको कार्यालयमा जन्मदर्ता गरिएको छोरीको हकमा,

५. छोरीको जन्म हुनु भन्दा पहिले नै कमलबजार नगरपालिकाको कार्यालयमा विवाह दर्ता गरिएका आमा बाबुका छोरीलाई,

६. नेपाली नागरिकका छोरीलाई मात्र,

७. जन्मेको ३५ दिन भित्र जन्म दर्ता भई निवेदन दर्ता भएको छोरीलाई,

## ३.आवश्यक कागजातहरु :

१. अनुसूची (१) बमोजिमको फारम भरिएको निवेदन,

२. जन्म दर्ता प्रमाण पत्रको प्रतिलिपी,

३. बाबु आमाको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी अनिवार्य पेश गर्नुपर्नेछ,

४. अन्य जिल्ला बाट बसाई सराई गरि आएको भए प्रमाण पत्रको प्रतिलिपी,

५ बाबु /आमाको विवाह दर्ता प्रमाण पत्रको प्रतिलिपी,

६. बाबु /आमाको र छोरी दुबैको हालसालै खिचिएको फोटो,

७. शिशुको अस्पताल वा स्वास्थ्य संस्थाबाट प्राप्त जन्म दर्ता प्रमाण पत्रको प्रतिलिपी,

## ४.रकम प्रदान गर्ने तरिका :

१. कमलबजार नगरपालिकाको कार्यालयमा निवेदन दर्ता भएका प्रत्येक बालिकाको नाममा बार्षिक रुपमा रु.१०००/- (एक हजार) का दरले रकम उपलब्ध गराइनेछ । यसरी उपलब्ध गराईने रकम कमलबजार नगरपालिका नगर कार्यपालिकाको निर्णय अनुसार स्थानीय स्तरमा रहेको नजिकको पायक पर्ने बैंकमा नगर पालिकाको प्रतिनिधि, बालिकाको आमा बाबु /संरक्षक र बालिकाको नाममा



संयुक्त खाता खोली जम्मा गरिनेछ ।

२. हाम्री छोरी प्यारी छोरी नामक कार्यक्रममा कुनै बालिकाको नाममा रकम जम्मा भएकी बालिका मध्ये कुनै बालिका को २० वर्ष उमेर नपुग्दै विवाह भएको व्यहोराको लिखित उजुरी एवं जानकारी कुनै पक्ष बाट प्रमाण सहित खुल्न आएका खण्डमा आवश्यक कागजातका आधारमा सत्य तथ्य बुझी बास्तविक हुन गएको देखिएमा बाँकी अवधिका लागी रकम जम्मा गर्ने कार्यमा रोक लगाई जम्मा गरिएको नगद रकम समेत निज बालिकालाई उपलब्ध गराउन नगरपालिका नगरकार्यपालिकाको कार्यालय बाध्य हुने छैन ।

३. हाम्री छोरी प्यारी छोरी नामक कार्यक्रममा कुनै बालिकाको नाममा रकम जम्मा भएकी बालिका मध्ये कुनै बालिका को २० वर्ष उमेर नपुग्दै कुनै कारणले अप्रत्यासित रुपमा मृत्यु हुन गएको खण्डमा बालिकाको नाममा जम्मा हुन गएको रकम निजको संरक्षक अर्थात आमा बाबु लाई उपलब्ध गराइनेछ ।

४. हाम्री छोरी प्यारी छोरी नामक कार्यक्रम अर्न्तगत बालिकाको नाममा जम्मा गरिएको रकम बालिकाको उमेर २० वर्ष पुगे पश्चात एकमुष्ठ रुपमा उपलब्ध गराइनेछ । तर २० वर्ष अघि विवाह गरेको प्रमाणित भएमा उक्त रकम नगर पालिकाको खातामानै फिर्ता हुनेछ ।

५. बालिकाको हक, हितको संरक्षण गरी तिनीहरुको शारीरिक मानसिक र बौद्धिक बिकास गर्नका साथै बालविवाह जस्ता कार्यलाई निषेध गर्न संचालन गरिएको हाम्री छोरी प्यारी छोरी नामक कार्यक्रम अर्न्तगत बालिकाको नाममा बैंकमा जम्मा गरिने नगद रकम नगरपालिकाको सिफारिस अनुसार बैंकमा बचत/चल्ती/मुद्दती खाता खोली जम्मा गरिनेछ ।

६. बालिकाको उमेर १६ वर्ष पुरा गरी नाबालिका साबालिका भए देखी निजले नेपाली नागरिक्ताको प्रमाण पत्र प्राप्त गरिसकेको भएमा बैंक दस्तखत नमूना कार्ड फेरबदल गरी निजको समेत दस्तखत अनिवार्य गराइनेछ ।

## ५. रकम झिक्दा चाहिने आवश्यक कागजातहरु :

१. सम्बन्धित व्यक्ति वा निजको अभिभावक वा नीजको संरक्षकको निवेदन ।

२. नगरपालिका द्धारा जारी भई विवरण खुलेको बार्षिक रुपमा नविकरण गरिएको परिचय पत्र,

कमलबजार नगरपालिका, अछाम

# स्थानीय राजपत्र

खण्ड २) संख्या : १८ प्रकाशित मिति : २०७७/०४/०८

## भाग २

कमलबजार नगरपालिका, अछाम

स्वीकृत मिति : २०७७/०३/११

*नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम कमलबजार नगरपालिका अछामको नगर सभाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।*

### कमलबजार नगरपालिकाको हाम्री छोरी प्यारी छोरी कार्यक्रम संचालन सम्बन्धि कार्यविधि, २०७७

(४) बाजेको नाम :
(५) जन्म मिति :
(६) जन्म स्थान :
(७) जन्म दर्ता प्रमाण पत्र नम्बर :
(८) आमा /बाबुको विवाह दर्ता प्रमाण पत्र नम्बर :
(९) बसाई सराई गरी आएकाको हकमा बसाई सराई दर्ता प्रमाण पत्र नम्बर :
(१०) ठेगाना स्थायी : जिल्ला : ..................गा.पा./न.पा. .................वडा नं. .........टोल : .......................... .ब्लक नं................. अस्थायी : जिल्ला : ...................गा.पा./न.पा. .....................वडा नं. ...........टोल : ........................ ब्लक नं..................
(५) परिचयपत्र खुल्ने प्रमाण पत्र : नागरिक्ता /मतदाता परिचयपत्रको प्रतिलिपी/स्थानीय तहको सिफारिस /कर्मचारी परिचयपत्र/अन्य प्रमाण :

निवेदकको

नाम:

ठेगाना:

मिति:

दस्तखत

सम्पर्क नं.: